नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #६९
१३ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २३० | ५५ | १८८ | १७ | २० | ७ | ५४ | ० | १८५ | **३०१** | **७५** | **३८०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२८ | ५५ | १८७ | १४ | १९ | ५ | २४ | ० | ६६ | **२६६** | **७४** | **२५८** |
| **२०७७भदौ १२ देखि १३ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** |

# दैनिक विपद् बुलेटिन

१२ भदौ विहान१०:००बजेदेखि १३ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ५ स्थानमा **आगलागी,** २ स्थानमा **अबिरल बर्षा,** १ स्थानमा **बाढी**का घटना घटेका छन् । आगलागीका कारण करिब **१८ लाख ४० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ८ | ० | १८,४०,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ८ वटा घट्ना भएका छन् ।
- **सुर्खेत**को बराहताल गाउँपालिका वडा नं ९ स्थित एक कच्चि घरको भित्ता **अबिरल बर्षा**का कारण पुर्णरुपमा भत्किएको । बिरेन्द्रनगर नगरपालिका वडा नं १४ स्थित अर्को एक घरको भित्ता **अबिरल बर्षा**का कारण भत्किई **१ लाख रुपैंया** बराबरको क्षति । पंचपुरी नगरपालिका वडा नं ५ स्थित एक कच्चि घरमा सोलारको ब्याट्री सर्ट भई **आगलागी** हुँदा **१० लाख रुपैंया** बराबरको क्षति ।
- **मुगु**को खत्याड गाउँपालिका वडा नं ३ खर्कस्थित सइना खोलामा आएको **बाढी**का कारण बर्थिङ् सेन्टरको भबनको कोठाभित्र हिलो पसी सामान, कागजात क्षति भएको ,अर्को एक घर र भान्सा घर पुर्णरुपमा भत्किएको र ६५ घर धुरीको करिब ११० रोपनीमा लगाएको धानबाली बालुवा माटोले पुरी पुर्णरुपमा क्षति ।
- **खोटाङ्ग**को हलेसी तुवाचुङ-नगरपालिका वडा नं ९ आमबोटेस्थित एक घरमा अचानक **आगलागी** हुँदा घर आशिंक क्षति भई घर भित्र रहेको लत्ताकपडा ,अन्नपात समेत जली **२ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **बारा**को सिम्रौनगढ नगरपालिका वडा नं १ रमसगरा ढाट टोलस्थित एक गोठमा लामखुटे धपाउनको लागी बालेको आगोबाट **आगलागी** हुँदा गोठ पुर्ण रुपमा जली **४० हजार रुपैंया** बराबरको क्षति ।
- **बर्दिया**को गुलरिया नगरपालिका वडा नं ४ शान्तिटोलस्थित एक घरको भान्सामा खाना पकाउने क्रममा ग्याँस लिग भई **आगलागी** हुँदा भान्सा कोठामा रहेको, अन्नपात, लत्ताकपडा, फर्निचर, ग्याँस चुलो लगायत अन्य सामान जली **५० हजार रुपैंया** बराबरको क्षति ।
- **तनहुँको** देवघाट गाउँपालिका वडा नं ३ साराङघाटस्थित एक घरमा अचानक **आगलागी** हुँदा घर पूर्णरुपमा जली नगद सहित ४ **लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**पूर्वानुमान आज : भदौ) १३-शनिबार(घण्टा २४ बजे देखि ७ विहान ) (**

- **आज कोशी,नारायणी महाकाली र ,कर्णाली ,यसका सहायक नदीमा बहाव सामान्य घटबढ मात्र हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई ,कमला,बागमती,बबईपश्चिम राप्ती र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने , तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज धनकुटा ,धादिङ,सिन्धुपाल्चोक ,रामेछाप ,दोलखा ,संखुवासभा ,खोटाङ ,सिन्धुली ,उदयपुर , ,सुर्खेत ,बर्दिया ,बाँके ,बागलुङ ,म्याग्दी ,पर्वत ,कास्की,लमजुङ ,गोरखा दैलेख, कालिकोट, लगायत सुदुरपश्चिम प्रदेश भई बहने केहि स साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई-ससाना नदीमा बहाब-केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः [http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

भदौ १२ गते बिहान ०८:४५ बजे देखि भदौ १३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/१३ गते बिहान ०८:४५ बजे ५७ वटा मानब संचालित वर्षा मापन केन्द्रहरुमा मापन गरिएको वर्षाको विवरण अनुसार २२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (४६.४मि. मी.) दार्चुला जिल्लाको खलङ्गा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**